# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ३३५ | काठमाडौं | सोमबार, १८ चैत २०८१ | Prabhab National Daily | Monday, March 31, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


तीनकुने हिंसात्मक घटना प्रकरण

## मिश्र र राणासहितलाई पाँच दिन हिरासतमा राख्न अनुमति






■ जेबी योञ्जन

- ११ जनाविरूद्ध राजद्रोह र संगठित अपराधको कसूरमा अनुसन्धान
- २५ वर्ष कैदको बाटोमा अघि बढ्दै सरकार

**काठमाडौं–** गत शुक्रबार तीनकुनेमा भएको हिंसात्मक घटनामा भीडलाई उक्साएको आरोप छ, राप्रपा वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रलाई । महामन्त्री धवलशमशेर जबरालाई पनि त्यही आरोप छ ।

मिश्र राजसंस्था पक्षधरले गठन गरेको संयुक्त जनआन्दोलन समितिका सदस्यसचिव र राणा आन्दोलन परिचालन समिति संयोजक छन् । दुवै पक्राउ परेको शुक्रबार राति हो । त्यही दिन तीनकुनेमा राजसंस्थापक्षधरहरूले हिंसात्मक प्रदर्शन गरेका थिए ।

आइतबार मिश्र, जबसर ासहितलाई प्रहरीले काठमाडौं जिल्ला अदालतमा न्यायाधीश तारादेवी महर्जनको इजलासमा पेस गर्‍यो । इजलासमा विपक्षी मिश्र, राणालगायत पक्राउ परेकाहरूको तर्फबाट कानुन व्यवसायीहरू विष्णु भट्टराई, राजु बस्नेत, गणेश विष्ट, श्याम शाही र शशांक थापा पुगेका थिए ।

भट्टराईसहितका कानुन व्यवसायीहरूले इजलासमा स्वास्थ्य समस्या देखाउँदै मिश्र र राणाको रिहा माग गरे ।

उनीहरूले भने- उहाँ (धवल) भर्खर गिँजाको क्यान्सरको उपचारपछि आउनुभएको हो । उहाँ फलोअपमा जानुपर्छ । उहाँलाई विनासर्त रिहा गरियोस् र उहाँ (रवीन्द्र) पनि प्रेसरबाट पीडित हुनुहुन्छ । उहाँलाई पनि रिहा गरियोस् ।'

आफ्नै कानुन व्यवसायीहरूले रिहा गर्न गरेको मागदाबीलाई दुवैले खारेज गरिदिए । स्रोतका अनुसार सुरुमा रवीन्द्रले भने, 'मलाई अस्पताल लाने काम नगरियोस्, मलाई हिरासतमै उपचारको व्यवस्था गरियोस् । म कहीँ जान्नँ ।' राणाले पनि मिश्र नजाने भए आफू पनि कहीँ नजाने बताए ।

'राज्यले मार्ने भए कार्यालयमै मारियोस्, अस्पताल जान पाउने सेवा दुरूपोग गर्दिनँ,' राणाले इजलासमा भनेका थिए । यसरी मिश्र र राणाले हिरासतमै बसेर न्यायिक प्रक्रियालाई सघाउ पुर्‍याउने बताए । अस्पतालमा बसेर पनि उपचार गर्न पाउने प्रक्रियाको विरोध गरे ।

सोहीअनुसार न्यायाधीश महर्जनले आदेश गरिन् । पाँच दिन म्याद थप हुने आदेशमा उल्लेख छ । म्याद थप ११ जनाविरुद्ध भएको हो । नेताहरूको रिहा नभएपछि देशका ठाउँठाउँमा राजसंस्था पक्षधरहरूले आइतबार साँझ मसाल जुलुस निकालेका छन् । शुक्रबारको राजावादी प्रदर्शन हिंसात्मक भएपछि सो हिंसा भड्काउन भूमिका खेलेको भनिएका मिश्र, राणालगायत ११ जनाविरुद्ध राजद्रोह र संगठित अपराधको कसूरमा अनुसन्धान भइरहेको छ ।

करोडौंको निजी तथा सरकारी सम्पत्तिमा क्षति तथा दुई जनाको मृत्यु हुनेगरी राजावादीको तीनकुने प्रदर्शन हिंसात्मक भएको थियो । त्यसपछि पक्राउ परेकाहरूविरुद्ध प्रहरीले राजद्रोह र संगठित अपराधको कसूरमा अनुसन्धान अगाडि बढाएको छ । उनीहरूलाई हिरासतमा राखी अनुसन्धान गर्न आइतबार जिल्ला अदालतमा उपस्थित गराइएको थियो । उनीहरूमाथि लगाउन थालिएको कसूर कडा प्रकृतिको हो ।


क्रमशः पृष्ठ २ मा


# व्यवस्था जोगाउन गणतन्त्रवादी दलहरु एक ठाउँमा

### तीनकुने घटनाको मुख्य योजनाकार पूर्वराजा ज्ञानेन्द्र भएको ठहर

गणतन्त्र रक्षाका लागि सबै एकजुट हुनुपर्छ । पूर्वराजाको पछिल्लो गतिविधि सही छैन ।
**● शेरबहादुर देउवा**
सभापति, नेपाली कांग्रेस

यो रूपको घटना होला भन्ने अनुमान गरिएन । अराजक गतिविधिलाई सरकारले नियन्त्रणमा लिन्छ ।
**● केपी शर्मा ओली**
प्रधानमन्त्री

ज्ञानेन्द्रले आफूलाई राजा नै ठानेर त्यही रूपमा वक्तव्य दिने, सम्बोधन गर्ने कार्य सीधै ठगीधन्दा हो ।
**● डा. बाबुराम भट्टराई**
अध्यक्ष, नेसपा

जनताको भावनामा चोट पुग्ने खालका जे काम कारबाही भए, त्यसको गम्भीर समीक्षा गर्नुपर्छ ।
**● शक्ति बस्नेत**
नेता, माओवादी केन्द्र



सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा आइतबार बसेको गणतन्त्र पक्षधरहरूको बैठक ।
*तस्बिर सौजन्य: प्रधानमन्त्रीको सचिवालय*

■ प्रभाव संवाददाता

**काठमाडौं–** गणतन्त्रवादी दलहरुले गत शुक्रबार भएको हिंसात्मक घटनाको मुख्य योजनाकार पूर्वराजा ज्ञानेन्द्र शाह भएको ठहर गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आइतबार साँझ बसेको गणतन्त्र पक्षधरका दलहरुको बैठकले उक्त निष्कर्ष निकालेको गृहमन्त्री रमेश लेखकले बताए ।

'सबै पार्टीका नेताहरुले आफ्नो धारणा राख्नुभयो । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाविरुद्ध षड्यन्त्र भइरहेका छन् । यसका बारेमा समीक्षा भयो । संविधानको रक्षाका लागि हामी सबै एक भएका छौं,' गृहमन्त्री लेखकले भने, 'यही व्यवस्थामार्फत नागरिकलाई थप सुविधा दिनेबारेमा गम्भीर समीक्षा भयो । यो षड्यन्त्रको मुख्य जिम्मेवार पूर्वराजा ज्ञानेन्द्र हो भन्ने ठहर भएको छ ।'

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका नेता शक्ति बस्नेतले शुक्रबारको घटनामा संलग्नलाई गम्भीर अनुसन्धान गरी कारबाहीको दायरामा ल्याउन आफूहरुले माग गरेको बताए । '१५ गतेको तीनकुनेको घटनालाई सुक्ष्म अनुसन्धान गरेर कारबाही गरोस् भनेर हामीले आफ्नो कुरा राख्यौं,' बैठकपछि बस्नेतले भने, 'हामीले संघीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा एकताबद्ध भएर अघि बढ्छौं भनेर कुरा राखेका छौं ।'

प्रधानमन्त्री केपी शर्मा ओलीले बैठकमा राजावादीको आन्दोलनले यो रूप लेला भनी पूर्वानुमान नगरेका बताएका थिए । 'यो रूपको घटना होला भन्ने अनुमान गरिएन । त्यस हिसाबले यो तहको घटना भए । अराजक गतिविधिलाई सरकारले नियन्त्रणमा लिन्छ,' ओलीको भनाइ उद्धृत गर्दै बस्नेतले भने । बस्नेतले जनताका असन्तुष्टि भने सरकारले चाँडोभन्दा चाँडो सम्बोधन गर्नुपर्ने बताए ।


क्रमशः पृष्ठ २ मा


## सदनमा सत्तापक्ष-प्रतिपक्षबीच चर्काचर्की

**काठमाडौं (प्रस)–** आइतबारको प्रतिनिधिसभा बैठकमा सत्तापक्ष र प्रतिपक्षका सांसदहरुबीच चर्काचर्की भएको छ । बिहान ११ बजे सुरु हुनासाथ प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेकपा एकीकृत समाजवादीका सांसदहरुले उठेर विरोध जनाएपछि दुई पक्षबीच चर्काचर्की भएको थियो ।

सभामुख देवराज घिमिरेले सडकमा जनताको आक्रोश पोखेको समयमा सदन चल्ने वातावरण बनाउन पटक-पटक आग्रह गरेका थिए । '१३ गतेदेखि सदन अवरुद्ध छ । सडकमा आगो लागेको छ । त्यसैले यो निभाउनका लागि सभा सञ्चालन गर्ने वातावरण बनाऔं,' सभामुख घिमिरेले पटक-पटक भनेका थिए ।


क्रमशः पृष्ठ २ मा


सन्दर्भ: वैदेशिक रोजगार

वैदेशिक रोजगार व्यवसायी संघको चुनाव

## भुवनसिंह गुरूङ नेतृत्वको प्यानल घोषणा

- लोकतान्त्रिक एसोसिएसन र गणतान्त्रिक मञ्चबीच तालमेल
- व्यवसायीको सेवामा समर्पित हुने गुरूङको प्रतिबद्धता




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आसन्न निर्वाचनका लागि उम्मेदवार सार्वजनिक गरेको छ । नेपाली कांग्रेसको शुभेच्छुक संस्था एसोसिएसनले आइतबार घोषणासभा आयोजना गरी भुवनसिंह गुरुङको नेतृत्वमा १७ जनाको उम्मेदवारी घोषणा गरेको हो ।

यही चैत २९ गते हुने संघको निर्वाचनमा नेकपा माओवादी केन्द्रनिकट वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चसँग तालमेल गरेर लोकतान्त्रिक एसोसिएसन प्रतिस्पर्धामा उत्रँदै छ । संघको २१ सदस्यीय कार्यसमितिमा सचिव र तीन वटा सदस्य पद गणतान्त्रिकलाई दिइएको छ ।

अध्यक्षका प्रत्याशी गुरुङ एसोसिएसनका पूर्वअध्यक्ष एवं संघका पूर्वद्वितीय उपाध्यक्षसमेत हुन् । गुरुङ म्यानेजमेन्ट ओभरसिज प्रालिका सञ्चालक गुरुङ यस क्षेत्रका स्थापित एवं सबै व्यवसायीमाझ समन्वयकारी भूमिका निर्वाह गर्ने नेतृत्वको रूपमा परिचित छन् ।

गुरुङको प्यानलबाट प्रथम उपाध्यक्ष पदमा नोकरी नेपाल प्रालिका सञ्चालक नरेन्द्रप्रसाद ढकाल उम्मेदवार बनेका छन् । यसैगरी द्वितीय उपाध्यक्षमा अलर्ट ओभरसिज प्रालिका सञ्चालक देवकुमार खोखाली, महासचिवमा ग्लोबल राइजिङ प्लेसमेन्ट प्रालिका सञ्चालक महेशकुमार बस्नेत सचिवमा आकृति रिक्रुटमेन्ट प्रालिका कुन्छादोर्जे डिम्दोङ र कोषाध्यक्षमा शुभहारती म्यानपावर प्रालिका विक्रम श्रेष्ठले उम्मेदवारी दिएका छन् । सचिव पदका उम्मेदवार डिम्दोङ गणतान्त्रिक मञ्चको कोटाबाट उम्मेदवार बनेका हुन् ।

गुरुङ प्यानलबाट सदस्य पदमा इम्पेरियल ओभरसिज प्रालिकी विद्यालक्ष्मी बज्राचार्य, हिमालयन भ्याली नेपाल प्रालिका देवीप्रसाद गिरी, ब्रदर इन्टरनेसनल इम्प्लोइमेन्ट प्रालिका दीपककुमार राय, रसुवा ओभरसिज प्रालिका सुवर्ण लामा, सेक्युर नेपाल जब प्लेसमेन्ट प्रालिका सुमनराज पाण्डे, युनिक ओभरसिज प्रालिका तिलरूपा दाहाल,


क्रमशः पृष्ठ २ मा


### यस्तो बन्यो गुरूङ प्यानल

अध्यक्ष: भुवनसिंह गुरूङ
प्रथम उपाध्यक्ष: नरेन्द्रप्रसाद ढकाल
द्वितीय उपाध्यक्ष: देवकुमार खोखाली
तृतीय उपाध्यक्ष: हर्कबहादुर लिम्बू
महासचिव: महेशकुमार बस्नेत
सचिव: कुन्छादोर्जे डिम्दोङ
कोषाध्यक्ष: विक्रम श्रेष्ठ

सदस्यहरू:
विद्यालक्ष्मी बज्राचार्य, देवीप्रसाद गिरी, दीपककुमार राय, सुवर्ण लामा, सुमनराज पाण्डे, तिलरूपा दाहाल, गीता राउत, कृष्ण ढकाल, रेखा शेर्मा र भरत सापकोटा




पृष्ठ १ बाट क्रमशः

## व्यवस्था...

'जनताका विषयमा सरकारले अझ बढी सुधार गर्नुपर्ने अवस्था छ । यसले गणतन्त्रविरोधी क्रियाकलाप निस्तेज भएर जाने छ,' उनले भने । पूर्वप्रधानमन्त्री एवं नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का अध्यक्ष डा. बाबुराम भट्टराईले आफूले बैठकमा पूर्वराजा ज्ञानेन्द्रलाई कारबाहीको दायरामा ल्याउनुपर्ने सुझाव दिएको बताए । 'उनले आफूलाई राजा नै ठानेर त्यही रूपमा वक्तव्य दिने, सम्बोधन गर्ने कार्य सीधै ठगीधन्दा हो,' बाबुरामले आफ्नै उदाहरण दिँदै भने, 'म पनि पूर्वप्रधानमन्त्री हुँ तर मैले पनि बहालवाला प्रधानमन्त्री भन्दै ठग्दै लाभ लिँदै हिँडे भने के हुन्छ ? मलाई कानुनले त कारबाही गर्छ । त्यसकारण उनलाई पनि कानुनी दायरामा ल्याएर कारबाही गरिनुपर्छ भन्ने सुझाव दिएको छु ।'

राजावादीका तर्फबाट भएको प्रदर्शनको कमाण्डर मेडिकल व्यवसायी दुर्गा प्रसाईं फरार छन् । प्रदर्शनका संयोजक नवराज सुवेदी आफ्नै निवासमा नियन्त्रणमा छन् भने राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री धवलशमशेर राणा प्रहरीको अनुसन्धानका लागि हिरासतमा छन् । सर्वदलीय बैठकमा सहभागी दलका शाहले संविधानको सीमामा बस्नुपर्ने तथा आपराधिक घटना गराएकोमा कारबाहीको भागिदार बनाउनुपर्ने माग गरेका थिए ।

बैठकमा कांग्रेस सभापति शेरबहादुर देउवाले नेताहरुको भनाइमा समर्थन जनाउँदै पूर्वराजा शाहको पछिल्लो गतिविधि ठीक नभएको बताए । 'साथीहरूले बोलेको कुरामा मेरो समर्थन छ । गणतन्त्र रक्षाका लागि सबै एकजुट हुनुपर्छ । पूर्वराजाको पछिल्लो गतिविधि सही छैन,' देउवाले भने ।

बैठकमा प्रधानमन्त्री ओलीसहित कांग्रेस सभापति देउवा, नेता कृष्ण सिटौला, माओवादीका उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, पम्फा भुसाल, शक्ति बस्नेत, पूर्वप्रधानमन्त्री भट्टराई, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, लोसपा अध्यक्ष महन्थ ठाकुर, जसपाका अध्यक्ष अशोक राई, जनमत पार्टी अध्यक्ष सिके राउत, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीलगायत सहभागी थिए ।

### जनतामा देखिएको असन्तुष्टिको मुख्य कारण ठूला दल

बैठकमा केही नेताले भने जनतामा देखिएको अहिलेको मुख्य असन्तुष्टि ठूला दलकै कारण भएको दाबी गरे । राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले ठूला दलहरुले कसैको कुरा नसुन्दा अहिलेको अवस्था आएको बताएका हुन् । 'हामीले यो कुरा सुरुदेखि नै भनिरहेको हो, प्रतिगमनविरुद्ध मिलेर जानुपर्छ भनेर, ठूला दलले सुनेनन्,' केसीले भने, 'जनतामा देखिएका असन्तुष्टि पनि तपाईंहरूकै कारण देखिएको हो । गणतन्त्र जोगाउन संघीयता खारेज गर्नुपर्छ ।'

माओवादी नेता बस्नेतले पनि राजनीतिक दल यस विषयमा गम्भीर हुनुपर्ने धारणा राखेका थिए । 'समग्र परिस्थितिका बारेमा सरकार र राजनीतिक दलहरूको तर्फबाट जनताको भावनामा चोट पुग्ने खालका जे काम कारबाही भए, त्यसको गम्भीर समीक्षा गर्नुपर्छ, सुधारको प्रतिबद्धता जाहेर गर्ने र सरकारले अझ बढी जिम्मेवार भएर कमजोरी पनि सच्याउँदै अघि बढ्नुपर्छ,' बस्नेतले भने ।

◆◆◆

## सदनमा...

यद्यपि विपक्षीले सदन अवरोध जारी राखेपछि सत्तापक्षबाट एमालेका प्रमुख सचेतक महेश बर्तौलासहित नेपाली कांग्रेसका सांसदहरुले उठेर विरोध जनाए ।

उनीहरुले सडकमा आन्दोलनको नाममा निजी घरमा आगो लगाउने राजावादी को हुन् ? भनी प्रश्न गरेका थिए । त्यसपछि सभामुख घिमिरेले सत्तापक्ष र प्रतिपक्ष दुवैतर्फबाट एक-एक जनाको नाम आकस्मिक समयमा बोल्नका लागि मागे । तर दुवै पक्षबाट नाम नदिएपछि करिब आधा घण्टामा सभामुखले १५ मिनेटका लागि बैठक स्थगित गरे । त्यसपछि ४ बजेका लागि सारिएको बैठक आज ११ बजे बस्नेगरी स्थगित भएको छ । प्रतिपक्षी दलहरुले नेपाल विद्युत् प्राधिकरणबाट कुलमान घिसिङलाई हटाएको विषयमा प्रधानमन्त्री केपी शर्मा ओलीको जवाफ माग्दै सदन अवरोध गर्दै आएका छन् । प्रधानमन्त्री ओलीले आज ११ बजे सदनमा जवाफ दिने कार्यक्रम रहेको छ ।

◆◆◆

## मिश्र र राणा...

मुलुकी अपराध संहिता २०७४ को दफा ५० मा राजद्रोहको कसूरसम्बन्धी व्यवस्था छ, जसमा अधिकतम २५ वर्षसम्म कैद सजाय हुने व्यवस्था छ ।

यो दफाको उपदफा १ मा 'नेपाल सरकार वा संवैधानिक संरचनालाई पल्टाउने नियतले कसैले सैनिक, अर्धसैनिक वा आपराधिक बलको प्रदर्शन वा प्रयोग गरी कुनै अव्यवस्था उत्पन्न गर्न वा हातहतियारसहित सैनिक वा अर्धसैनिक संगठन निर्माण गर्न वा त्यस्तो षड्यन्त्र वा उद्योग गर्न वा गराउन वा दुरुत्साहन दिन हुँदैन ।' यो कसूर गर्नेमाथि २५ वर्षसम्म कैद हुन सक्ने व्यवस्था छ । जिल्ला प्रहरी परिसर काठमाडौंले तीनकुने घटनामा आपराधिक गतिविधि गरेको आरोपमा ४१ जनाविरुद्ध अनुसन्धान अगाडि बढाएको छ । यसैभित्र मिश्र र राणा पनि पर्छन् । उनीहरूलाई प्रहरीले ११ वटा कसूरमा अनुसन्धान गर्ने भएको छ । कर्तव्य ज्यान, ज्यानसम्बन्धी उद्योग, संगठित अपराध, लुटपाट, आगजनीलगायत मुद्दामा प्रहरीले अनुसन्धान गर्ने भएको हो ।

प्रसाईंसहितले संघीय संसद् भवन वरिपरि रहेको निषेधित क्षेत्र तोड्न खोजेको, प्रहरीमाथि ढुंगामुढा गरेको, आफैंले चलाएको गाडीले प्रहरीको ज्यान लिने उद्देश्य र मनसायले आक्रमण गरेको प्रहरीले जनाएको छ । म्याद थपका लागि अदालतसँग अनुमति माग गर्दै प्रहरीले आमसर्वसाधारणको सुरक्षार्थ सडकमा खटिएका नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालसमेतका सुरक्षाकर्मीहरूलाई ढुंगा, लाठी, फलामका रड, घरेलु हतियारसमेतले प्रहार गरेको दाबी गरेको छ ।

सुरक्षाकर्मीको हातहतियार समेत खोसी सुरक्षाकर्मीहरूलाई घाइते बनाएको, सर्वसाधारण मानिसहरूको घर, निजी सम्पत्ति, सञ्चार गृहहरूको भवन, विभिन्न राजनैतिक दलहरूको कार्यालय तथा नेताको निजी निवास, अस्पताल, प्रहरी कार्यालयहरू, व्यापारिक केन्द्रमा राजसंस्था पक्षधरहरूले विध्वंश गरेकोलगायत घटनामा उनीहरुको मुख्य भूमिका रहेको प्रहरीको दाबी छ ।

◆◆◆

## भुवनसिंह गुरुङ...

ग्लोबल एचआर हब प्रालिकी गीता राउत, इगल म्यानपावर कन्सल्टेन्ट प्रालिका कृष्ण ढकाल, रिजा ओभरसिज प्रालिकी रेखा शेर्मा र युनिभर्सल एचआर सोलुसन प्रालिका भरत सापकोटाले उम्मेदवारी दिने भएका छन् ।

### गुरुङको प्रतिबद्धताः व्यवसायीको हितमा चौबीसै घण्टा खट्छु

लोकतान्त्रिक एसोसिएसनको उम्मेदवारी घोषणासभालाई सम्बोधन गर्दै गुरुङले आफू वैदेशिक रोजगारीका क्षेत्रमा देखिएका समस्या समाधानका लागि प्रतिबद्धतासहित संघको नेतृत्व गर्न अगाडि बढेको बताए । यस क्षेत्रका समस्यालाई आफूले विगत १६ वर्षदेखि नियालिरहेको उल्लेख गर्दै उनले व्यवसायीलाई दुःख दिने सबै समस्याको समाधान आफूलेमात्र गर्न सक्ने दाबी गरे ।

शक्तिको आडमा व्यवसायीलाई दुःख दिने प्रवृत्ति अन्त्य गर्न प्रतिबद्ध भई लाग्ने उनले बताए । व्यवसायीको सेवाबाहेक आफ्नो कुनै स्वार्थ नरहेको अध्यक्षका प्रत्यासी गुरुङको प्रस्टोक्ति छ । 'म चौबीसै घण्टा व्यवसायीका लागि काम गरिरहेको छु । मलाई कुनै लोभ लालच छैन । २१ वर्ष भयो यो क्षेत्रमा काम गरेको । म काम गर्ने मान्छे हो, बोल्ने होइन,' उनले भने । गुरुङले आफूलाई जिताए व्यवसायीको संरक्षण गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा नेपाली कांग्रेसका उपसमापति धनराज गुरुङ, सांसद रामहरि खतिवडा, सहमहामन्त्री जीवन परियार, नैनसिंह महर, पूर्वसहरी विकासमन्त्री सीता गुरुङलगायतले सम्बोधन गरेका थिए । एसोसियसनका अध्यक्ष दीपक थापा, संघका पूर्वअध्यक्ष हंसराज वाग्ले, संघका प्रथम उपाध्यक्ष डिकबहादुर खत्री 'कुमार' लगायतले एसोसिएसनका उम्मेदवारहरूलाई जिताउन सबै एक जुट भएर लाग्न व्यवसायीहरूलाई अपिल गरेका थिए ।

संघको ३०औं तथा ३१औं साधारणसभा तथा निर्वाचन यही चैत २९ गते हुँदै छ । यसअघि गत फागुन २ गतेका लागि तोकिएको संघको चुनाव अन्तिम समयमा स्थगित गरिएको थियो ।

# राकम कर्णालीमा ५० शय्याको स्याटलाइट अस्पताल सञ्चालनको कार्ययोजना स्वीकृत

■ प्रभाव संवाददाता

**काठमाडौं–** कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको सभाको ११औं बैठकले दैलेखको आठबीसकोट नगरपालिकामा राकम कर्णालीमा ५० शयचाको स्याटलाइट अस्पताल सञ्चालनको कार्ययोजना स्वीकृत गरेको छ ।

प्रधानमन्त्रीनिवास बालुवाटारमा आइतबार भएको बैठकबाट उक्त स्थानमा विगतमा १५ शयचाको अस्पताल रहेकामा त्यसलाई स्तरोन्नति गर्ने नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनका लागि आवश्यक प्रक्रिया अघि बढाउन कार्ययोजना अनुमोदन गरेको हो । सो अस्पतालको पूर्वाधार, जनशक्ति र स्रोत सुनिश्चितताका लागि प्रतिष्ठानले नेपाल सरकार र अन्य पक्षसँग प्रस्ताव गर्ने छ ।

बैठकमा प्रधानमन्त्री एवं प्रतिष्ठानका कुलपति केपी शर्मा ओलीले कार्ययोजनाबारे सम्बन्धित स्थानीय तहसँग आवश्यक परामर्श र सहकार्य गरेर तीव्र रूपमा काम अघि बढाउन निर्देशन दिए । उनले प्रतिष्ठान आरम्भदेखि नै नेपाल सरकारले पूर्ण लगानी गरेकाले अस्पतालको स्तरोन्नति भएपछि त्यहाँका जनताको सहज स्वास्थ्य सेवाका लागि सरकारले सक्दो सहयोग गर्ने विश्वास दिलाए ।

सभाको बैठकमा प्रतिष्ठानको चालु आर्थिक वर्षको बाँकी अवधिको बजेट पारित हुनुका साथै गत आर्थिक वर्षको आन्तरिक लेखापरीक्षकको प्रतिवेदन जानकारी गराइएको छ । यसैगरी बैठकबाट आगामी आर्थिक वर्षको प्रस्तावित वार्षिक कार्यक्रमसहितको बजेट पारित गरिएको छ भने प्रतिष्ठानको रिक्त सभा सदस्यहरूको मनोनयन गरिएको छ ।

बैठकमा स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल, राष्ट्रिय योजना आयोगका सदस्य डा. आरपी बिच्छा, प्रतिष्ठानका उपकुलपति डा मंगल रावललगायत सहभागी थिए ।


### मलेसियामा रोजगार
कम्पनी : Sri Lara Joint Security Services Sdn Bhd
पूर्व स्वीकृति मिति : २०८०/०९/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१७ | LT. No. 297301 | चलानी नं. ६०२१२२५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 34 | 0 | 1500 | ४६,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Godhuli Party Palace, Basundhara, काठमाडौंमा मिति: २०८१ चैत २५ र २६ गते (7 & 8 Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GROWTH PROCESS INTERNATIONAL EMPLOYMENT PVT. LTD.
Basundhara–03, Kathmandu, Nepal Phone : +977-01-4383347,
E-mail: growth_processintl@yahoo.com, growthprocessintlemp@gmail.com
Govt. License 518/061/062

### युएइमा रोजगार
कम्पनी : EMBANKMENT ROAD LANDSCAPING WORK L.L.C
पूर्व स्वीकृति मिति : २०८१/१२/१७ | LT. No. 321401 | चलानी नं.६०२३५४४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 8 | 0 | 1200 | ४४,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GOOD FIX TECHNICAL SERVICES EST.
पूर्व स्वीकृति मिति : २०८१/१२/१४ | LT. No. 321210 | चलानी नं.६०२३५४०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 4 | 0 | 800 | २९,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 8 | 0 | 1200 | ४४,६६० | | | | | | | |
| 3 | Electrician | 4 | 0 | 1200 | ४४,६६० | | | | | | | |
| 4 | Plumber | 4 | 0 | 1200 | ४४,६६० | | | | | | | |
| 5 | Steel Fixer | 5 | 0 | 1200 | ४४,६६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २५ गते (7th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


J.P. Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. १२५७/०७४/०७५
Pingalasthan-9 Gausala, Ktm Nepal,Tel: +977-449085, E-mail:jpoverseasnp@gmail.com, Web:www.jpoverseasnepal.com

### युएइमा रोजगार
कम्पनी : TIRHAL EMPLOYMENT L.L.C
पूर्व स्वीकृति मिति : २०८१/१२/१७ | LT. No. 321351 | चलानी नं. ६०२३५४४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Mason | 25 | 0 | 1200 | ४४,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scafolder | 25 | 0 | 1200 | ४४,६६० | | | | | | | |
| 3 | Steel Fixer | 25 | 0 | 1200 | ४४,६६० | | | | | | | |
| 4 | Suttering Carpenter | 25 | 0 | 1200 | ४४,६६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २५ गते (7th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Govt. License No. 1405/074/75
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 813013135/ 9851083561/9802358807/9802358802
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

### साउदीमा रोजगार
कम्पनी : ESTABLISHMENT MEE AWWAD SLIMAN AL-SHAMMARI FOR TRADING
पूर्व स्वीकृति मिति : २०८१/१२/१५ | LT. No. 321330 | चलानी नं. ६०२३५४२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiters | 3 | 0 | 1300 | ४७,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ESTABLISHMENT FE AWWAD SLIMAN AL-SHAMMARI COMMERCIAL
पूर्व स्वीकृति मिति : २०८१/१२/१४ | LT. No. 321233 | चलानी नं. ६०२३५४२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiters | 5 | 0 | 1300 | ४७,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ESTABLISHMENT ASMA AWWAD SLIMAN AL-SHAMMARI COMMERCIAL
पूर्व स्वीकृति मिति : २०८१/१२/१४ | LT. No. 321232 | चलानी नं. ६०२३५४२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiters | 1 | 0 | 1300 | ४७,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २५ गते (7th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. ५९७/०६२/०६३
BAJRA HUMAN RESOURCES PVT.LTD
Thadodhunga-3,Lalitpur, Nepal,Tel: +977-1-5455823/5454821,
Email: bajrah@gmail.com paudyalsp@hotmail.com

### साउदीमा रोजगार
कम्पनी : FIRST IDEA FOODSTUFFS EST.
पूर्व स्वीकृति मिति : २०८१/१२/१२ | LT. No. 321021 | चलानी नं. ६०२३५४२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CHEF | 2 | 0 | 1600 | ५८,३१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २५ गते (7th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

### युएइमा रोजगार
कम्पनी : RAK Cleaning Solutions LLC
पूर्व स्वीकृति मिति : २०८१/१२/१७ | LT. No. 321329 | चलानी नं. ६०२३५४१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 100 | 100 | 800 | २९,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २५ र २६ गते (7 & 8 Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


ALI OVERSEAS PVT. LTD.
Govt. License 722/064/065
Samakhusi-3, Ranibari, Kathmandu, Nepal Phone : +977-1-4960155, 4960188
E-mail : recruitment.alioverseas@gmail.com, info@alioverseas.com.np, Website : www.alioverseas.com.np

### युएइमा रोजगार
कम्पनी : PAN EMIRATES HOME FURNISHINGS LLC -DUBAI BRANCH
पूर्व स्वीकृति मिति : २०८१/१२/१५ | LT. No. 321304 | चलानी नं. ६०२३५४०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Male) | 10 | 0 | 1200 | ४४,६६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Worker/Packer | 10 | 0 | 1000 | ३७,२१९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २५ गते (7th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Aseana International Pvt. Ltd.
Govt. License 937/067/068
Samakhusi–26, Kathmandu, Nepal, Tel:- 01-498950
Email:-aseana.manpower@gmail.com, info@asenainternational.com, Website:- www.aseanainternational.com

### साउदीमा रोजगार
कम्पनी : Ewan Human Resources Company
पूर्व स्वीकृति मिति : २०८१/०८/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१७ | LT. No. 314526 | चलानी नं. ६०२२९०५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 25 | 0 | 1000 | ३६,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २५ गते (7th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Prince International Employment Service Pvt. Ltd.
श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com

### युएइ/साउदीमा रोजगार
कम्पनी : NITTY GRITTY TECHNICAL SERVICE L.L.C
पूर्व स्वीकृति मिति : २०८१/१२/१५ | LT. No. 321294 | चलानी नं. ६०२३५३७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Condition Technician | 4 | 0 | 1500 | ५५,८२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Asst. Electricians | 2 | 0 | 1500 | ५५,८२९ | | | | | | | |
| 3 | ELECTRICAN | 1 | 0 | 1500 | ५५,८२९ | | | | | | | |
| 4 | PLUMBER. | 1 | 0 | 1500 | ५५,८२९ | | | | | | | |

कम्पनी : EXPERTISE CLOSED JOINT STOCK COMPANY
पूर्व स्वीकृति मिति : २०८१/१२/१२ | LT. No. 321012 | चलानी नं. ६०२३५१२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 50 | 0 | 1000 | ३७,२१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FOOD LAND CO ONE PERSON COMPANY
पूर्व स्वीकृति मिति : २०८१/१२/१२ | LT. No. 321011 | चलानी नं. ६०२३५१२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1200 | ४४,६६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RAPCO CONTRACTING & INDUSTRIAL SERVICES CO
पूर्व स्वीकृति मिति : २०८१/१२/१५ | LT. No. 321276 | चलानी नं. ६०२३५३७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING & UNLOADING LABOR | 1 | 0 | 1000 | ३७,२१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TAMKEEN HUMAN RESOURCES COMPANY.
पूर्व स्वीकृति मिति : २०८१/१२/१३ | LT. No. 321116 | चलानी नं. ६०२३५२४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 40 | 0 | 1000 | ३७,२१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २५ गते (7th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| IDO-JHP/W/NCB/MR-101/081-82 | Upgrading of Gaurishankar Pratisthan dekhi purwa khanepani tanki dekhi dakshin suryanagar jodane sadak kalopatre Birtamode 3 jhapa. And Pragati tol (Krishna Dhakal ko ghar dekshin hitension samma) sadak, Birtamode 3, Jhapa | M/S Yagya Nirman and Suppliers Pvt Ltd, Kankai 8, Jhapa | 24,12,938.17 |
| IDO-JHP/W/NCB/MR-102/081-82 | Upgrading of Mechinagar-07, Arniko School Purba Nahar Jane Sadak, Jhapa | M/S Mai Pokhari Nirman Sewa, Birtamode 2, Jhapa | 21,07,504.50 |
| IDO-JHP/W/NCB/MR-103/081-82 | Chandra Prasad Pokhrel ko ghar Dakshin laxmi narayan mandir hude ratna chok jaane sadak, Kamal -6 | M/S Agtara Nirman Sewa, Gauradaha, Jhapa | 23,48,078.88 |

कार्यालय प्रमुख

---

**Chandannath Municipality**
**Office of the Municipal Executive**
Khalanga Bazar, Jumla
Karnali Province, Nepal

## Invitation for Bids

**Invitation for Bids No: CNM/ROAD/NCB/19/081/82**

**Date of publication: 31th March 2025**

1. **Chandannath Municipality, Jumla** invites electronic bids from Nepalese eligible bidders for the construction of **Bohoragaun Balkuna to Chinasanghu jholunge Pool to Manang Mustang Highway Road Upgrading Works under** National Competitive Bidding procedures. The estimated amount for the works is Rs.42,73,344.42 (**exclusive VAT & Contingencies).**
2. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost Nrs.3000.00 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids paid through www.sutrarevenue.fcgo.gov.np.
3. electronic bids must be submitted to the office Chandannath Municipality, Jumla by through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00 Pm** on **30th April, 2025.** Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 PM 30th April, 2025** at the office of **Chandannath Municipality, Jumla**. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Nrs.1,25,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.

**Chief Administrative Officer**

# म्यान्मामा भूकम्प: प्रकोपमा अपरिपक्व राष्ट्र

**बैंकक–** चार वर्षको गृहयुद्धले तहसनहस भएको म्यान्मा शुक्रबारको विशाल भूकम्पले ल्याएको विनाशसँग सामना गर्न अपरिपक्व छ । म्यान्माको मध्य भागमा गएको ७.७ म्याग्निच्युडको भूकम्पले एक हजार ६०० भन्दा बढी मानिसको ज्यान गएको छ र हजारौं घरहरू नष्ट गरेको छ । तर सन् २०२१ को सैन्य कू द्वारा उत्पन्न रक्तपातपूर्ण संघर्षले देशको पूर्वाधार, स्वास्थ्य सेवा प्रणाली र विद्युत् नेटवर्कलाई घुँडा टेकाएको छ ।



## म्यान्मामा राहत प्रयासहरू सामना गर्ने केही चुनौती यस्ता छन्:-

### मानवीय संकट

संयुक्त राष्ट्रसंघ र सहायता एजेन्सीहरूले भूकम्पअघि नै लाखौं मानिसले गम्भीर मानवीय संकटको सामना गर्नुपरेको र अहिले थप सहायताको तत्काल आवश्यकता रहेको चेतावनी दिएका छन् । देशको धेरै भाग पहिले नै गृहयुद्धका कारण संघर्ष, गरिबी र अस्थिरताको कष्टदायी मिश्रणबाट पीडित थियो । यसले ३५ लाख मानिसलाई विस्थापित गरेको छ र अर्थतन्त्रलाई धराशायी बनाएको छ । 'एक करोड ९९ लाख मानिसलाई मानवीय सहायताको आवश्यकता छ भन्ने हामीले अनुमान गरेका छौं र यो भूकम्पभन्दा पहिलेको हो,' म्यान्मामा संयुक्त राष्ट्रसंघका मानवीय समन्वयक मार्कोलुइगी कोर्सीले भने, 'यो स्थिति अझ बिग्रने छ ।'

भूकम्पअघि विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले पाँच करोड १० लाख जनसंख्यामध्ये एक करोड ५० लाखभन्दा बढी आफ्नो दैनिक खाद्य आवश्यकताहरू पूरा गर्न असमर्थ रहेको बताएको थियो । भूकम्पको दुई दिनपछि संयुक्त राष्ट्रसंघले चिकित्सा आपूर्तिको गम्भीर अभावले सहायता प्रयासमा बाधा पुर्‍याएको बताएको छ भने जमिनमा रहेका उद्धारकर्ताहरूले बाँचेका व्यक्तिहरूका लागि भग्नावशेष भएका भवनहरू खोतल्न थप उपकरणहरू माग गरेका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले वासिङ्टनको विदेशी सहायता एजेन्सीलाई रोजगारी र आर्थिक सहयोग कटौती गरेको समयमा म्यान्मामा भूकम्प आएको हो । ट्रम्पले अमेरिकी सहायताको वाचा गरेका छन् तर उनले अमेरिकी अन्तर्राष्ट्रिय विकास एजेन्सीमा कटौती गरेपछि म्यान्मामा १० लाख नागरिकले डब्लुएफपी सहायता कटौतीको सामना गर्नुपरेको छ । विश्वभरका देशहरूले उद्धार टोली र सहायता पठाउन सुरु गरेका छन् ।

### जुन्ता शासन

जनरल मिन आङ ह्लाइङको नेतृत्वमा रहेको जुन्ताले संघर्षभर म्यान्माको ठूलो भाग नियन्त्रण गुमाएको छ । यद्यपि यो भूकम्पको केन्द्रबिन्दु र सबैभन्दा बढी प्रभावित माण्डलेलगायत प्रमुख सहरहरूको जिम्मामा रहेको छ । तर धेरै सरकारी कर्मचारीहरूले सैन्य कूपश्चात् पक्ष परिवर्तन गर्ने र जुन्ताको विरोधमा सामेल हुने छनोट गरेका छन् ।

कर्मचारीहरूको यो नोक्सानीले पहिले नै पुरानो नागरिक प्रशासनलाई थप कमजोर बनाएको छ र यसले राहत प्रयासहरूको व्यवस्थापन र वितरणलाई कठिन बनाएको छ । प्रकोपको विशालताको संकेतमा र सम्भवत: राज्यको प्रतिक्रिया दिन असमर्थताको अप्रत्यक्ष स्वीकारोक्तिमा मिन आङ ह्लाइङले शुक्रबार विदेशी सहायताका लागि दुर्लभ अपिल जारी गरे । यसले सबै अन्तर्राष्ट्रिय सहायता अस्वीकार गर्ने पहिलेका सैन्य शासकहरूबाट एक प्रमुख परिवर्तनको संकेत दिन्छ ।

गरिबी व्यापक छ, अर्थतन्त्र ध्वस्त छ र अन्तर्राष्ट्रिय प्रतिबन्ध र गृहयुद्ध लड्ने खर्चले जुन्ताको खजाना सुकाएको छ ।

### विभाजित नियन्त्रण

म्यान्माको धेरैजसो भाग जुन्ता सेना, जातीय सशस्त्र समूह र प्रजातन्त्र समर्थक पक्षहरूको परिवर्तनशील बनोटद्वारा नियन्त्रित छ । विभिन्न द्वन्द्वरत पक्षको भूमिमा जटिल नियन्त्रणका बीच देशभर राहत संसाधनहरू आवश्यक ठाउँमा सार्ने प्रयासहरूलाई थप निराश बनाउन सक्छ । भूकम्पको केन्द्र नजिकै सागैङ सहरले जुन्ता सेना र सशस्त्र प्रतिरोध समूहहरूबीच केही भीषण लडाइँ देखेको छ । जातीय सशस्त्र समूह, सीमा मिलिसिया र सेना सबैले स्थानीय स्रोतहरूको नियन्त्रणका लागि प्रतिस्पर्धा गरिरहेका छन् । यसले सहायताका लागि यस्तै द्वन्द्व हुने डरलाई बढावा दिएको छ ।

### कमजोर पूर्वाधार

म्यान्माको पूर्वाधार र चिकित्सा प्रणाली गृहयुद्धले तहसनहस भएको छ । जुन्ताले विद्रोही नियन्त्रित क्षेत्रका अस्पतालहरूमा बम प्रहार गरेको छ र धेरै चिकित्सकहरूले विद्रोहमा सामेल हुन सरकारी चिकित्सा सुविधाहरू त्यागेका छन् ।

संयुक्त राष्ट्रसंघले माण्डले, म्यागवे र राजधानी न्यापिडोका अस्पतालहरूले 'घाइतेहरूको आगमन सामना गर्न संघर्ष गरिरहेको' बताएको छ । देश पहिले नै फोन र इन्टरनेट अवरोधहरूबाट ग्रस्त थियो तर भूकम्पले थप सञ्चारलाई क्षति पुर्‍याएको छ र सबैभन्दा बढी आवश्यकतामा रहेकाहरूलाई सहायता पुर्‍याउने क्षमतामा असर गरेको छ । माण्डलेमा इन्टरनेट सञ्चारहरू अस्थिर थिए र भूकम्पले सडकहरू अवरुद्ध भएपछि जमिन र हवाई मार्गहरू गम्भीर रूपमा अवरुद्ध भएका थिए । *रासस/एएफपी*

## 'कू' विरोधी समूहद्वारा आंशिक युद्धविरामको घोषणा

**नेपिडो, म्यान्मा–** म्यान्मामा शक्तिशाली भूकम्पका कारण उद्धार कार्य र अन्य राहत कार्यमा सहयोग पुर्‍याउन यहाँको एक सशस्त्र विद्रोही समूहले आइतबारदेखि लागू हुनेगरी दुई साताका लागि आंशिक युद्धविरामको घोषणा गरेको छ ।

पिपुल्स डिफेन्स फोर्स (पिडिएफ) ले सन् २०२५ मार्च ३० देखि भूकम्पप्रभावित क्षेत्रमा रक्षात्मक कार्यबाहेक आक्रामक सैन्य कारबाहीमा दुई साताको युद्धविराम लागू गर्ने छ,' छायाँ 'नेसनल युनिटी गभर्नमेन्ट'ले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

निर्वासनमा रहेको सरकारले आफ्नो नियन्त्रणमा रहेका क्षेत्रमा सुरक्षा, यातायात र अस्थायी उद्धार र चिकित्सा शिविर स्थापना सुनिश्चित गर्न संयुक्त राष्ट्रसंघ र गैरसरकारी संस्थासँग सहकार्य गर्ने बताएको छ । मध्य म्यान्माको सागाइङ सहरको उत्तरपश्चिममा शुक्रबार ७.७ म्याग्निच्युडको भूकम्प गएको र भूकम्पका कारण कम्तीमा एक हजार ६४४ जनाको मृत्यु भएको छ भने थाइल्याण्डमा १७ जनाको मृत्यु भएको छ । म्यान्माको सेनाले सन् २०२१ को फेब्रुअरीमा आङ सान सुकीको नागरिक सरकारलाई सत्ताच्युत गरेयता गृहयुद्धको सामना गर्दै आएको छ ।

सुकीको नागरिक सरकारलाई सत्ताच्युत गरेकोमा पिडिएफ र जातीय सशस्त्र संगठनहरू दुवैले विरोध गरेका छन् । जसमध्ये धेरै समूह आफ्नो स्वतन्त्रताको लागि दशकौंदेखि लडिरहेका छन् । छायाँ 'राष्ट्रिय एकता सरकार'मा 'कू'मा सत्ताच्युत भएका अधिकांश सांसदहरू छन्, जो जुन्टालाई अपदस्थ गर्न लागिपरेका छन् । *रासस/एएफपी*

# चीन, दक्षिण कोरिया र जापान स्वतन्त्र व्यापारलाई सुदृढ गर्न सहमत

**सियोल–** चीन, दक्षिण कोरिया र जापान अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा लगाइएका नयाँ करहरूको सामना गर्न आइतबार स्वतन्त्र व्यापार सुदृढ गर्न सहमत भएका छन् । यो सहमति कार, ट्रक र अटो पार्ट्ससहित अमेरिकी आयातको विशाल दायरामा करहरू सुरु हुनुभन्दा केही दिन अगाडि उच्च व्यापार अधिकारीहरूको पाँच वर्षमा त्यस्तो स्तरको पहिलो बैठकमा भएको हो ।




दक्षिण कोरिया र जापान प्रमुख अटो निर्यातकहरू हुन् भने चीन पनि अमेरिकी करहरूबाट नराम्ररी प्रभावित भएको छ । बैठकमा दक्षिण कोरियाका उद्योगमन्त्री आन डक-ग्युन, उनका जापानी समकक्षी योजी मुतो र चीनका वाङ वेन्ताओ उपस्थित थिए । 'तीन देशले व्यापक त्रिपक्षीय स्वतन्त्र-व्यापार सम्झौताका लागि आफ्नो वार्ता तीव्र पार्न आह्वान गरे र अनुमानयोग्य व्यापार र लगानी वातावरण सिर्जना गर्न सहमत भए,' एक विज्ञप्तिमा उल्लेख गरिएको छ ।

दक्षिण कोरियाका उद्योगमन्त्री आनले तीन देशले साझा वैश्विक चुनौतीहरूको सामना 'संयुक्त रूपमा' गर्नुपर्ने बताए । 'आजको आर्थिक र व्यापार वातावरण विश्व अर्थतन्त्रको बढ्दो विखण्डनले चिह्नित छ,' उनले भने । 'हाम्रो वरपरको अन्तर्राष्ट्रिय वातावरण निरन्तर परिवर्तन हुँदै गइरहेको छ, अनि अनिश्चितता बढ्दै गइरहेको छ,' जापानी व्यापार अधिकारी यासुजी कोमियामाले पत्रकार सम्मेलनमा भने ।

चिनियाँ अधिकारी वाङ लिपिङले भने, 'एकपक्षीयता र संरक्षणवाद फैलिरहेको छ र तीन देशले बहुपक्षीय व्यापार प्रणालीको रक्षा गर्न जिम्मेवारी लिनुपर्छ ।' उनका अनुसार यी तीन देशले विश्वको जनसंख्याको २० प्रतिशत, विश्व अर्थतन्त्रको २४ प्रतिशत र विश्वव्यापी व्यापारिक व्यापारको १९ प्रतिशत हिस्सा ओगटेका छन् । ट्रम्पले अप्रिल २ देखि अनुचित मानिएका व्यवहारहरूको उपचार गर्न प्रत्येक व्यापार साझेदारका लागि विशेष करहरूको प्रतिज्ञा गरेका छन् । तर उनले गत हप्ता पत्रकारहरूलाई 'लचिलोपन' हुने र गत हप्ताको अन्त्यमा बजारले केही राहतका साथ प्रतिक्रिया दिएको देखिएको पनि बताए । *रासस/एएफपी*


**कतारमा रोजगार** कम्पनी : REGIONAL AGRICULTURAL PRODUCTION

पूर्व स्वीकृति मिति : २०८१/१२/१५ | LT. No. 321352 | चलानी नं. ६०२२४३२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farmer | 14 | 0 | 1000 | ३७,५४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २५ गते (7th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ०८५/०५३/०५४

INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



**युएइ/कुवेतमा रोजगार** कम्पनी : ZUNOOD TECHNICAL SERVICES EST.

पूर्व स्वीकृति मिति : २०८१/१२/१७ | LT. No. 321348 | चलानी नं. ६०२३५४६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 14 | 0 | 800 | २९,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PYRAMID CONSTRUCTION COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१२/१७ | LT. No. 321347 | चलानी नं. ६०२३५४१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKSHOP WORKER | 7 | 22 | 1000 | ३६,४४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | HEAVY TRUCKS DRIVER | 3 | 2 | 1800 | ६५,६०२ | | | | | | | |
| 3 | Mixer Driver (TRUCK DRIVER) | 15 | 0 | 1800 | ६५,६०२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २५ गते (7th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


BELIEVABLE OVERSEAS PVT.LTD.
Mahaharajgunj, Sallaghari, Kathmandu, Nepal, Contact: 01-4378500 , 014017815, E-mail : believableoverseas@gmail.com
Govt. License No. 1283/074/75



**साउदीमा रोजगार** कम्पनी : THAMER SALEH MISHNI AI-GHAMDI FAST FOOD EST

पूर्व स्वीकृति मिति : २०८१/१२/१५ | LT. No. 321336 | चलानी नं.६०२३५४६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1400 | ५१,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CENTRAL SATURDAY MARKETS SAUDI ARABIA

पूर्व स्वीकृति मिति : २०८१/१२/१६ | LT. No. 321337 | चलानी नं.६०२३५४६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 25 | 0 | 1000 | ३६,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २५ गते (7th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


SKY BLUE H.R. SOLUTION PVT.LTD
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65,
Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com



**कुवेतमा रोजगार** कम्पनी : AL-RAHA INTERNATIONAL SALOON FOR LADIES

पूर्व स्वीकृति मिति : २०८१/११/१३ | LT. No. 302341 | चलानी नं.६०२१७४१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure/pedicure/beautician/nail Technician/hair | 0 | 9 | 150 | ६६,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Farino Kitchen Restaurant

पूर्व स्वीकृति मिति : २०८१/१२/१७ | LT. No. 321407 | चलानी नं.६०२३५४६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN HELPER | 2 | 0 | 120 | ५३,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Sabi Spa For Ladies Beauty Salon Co.

पूर्व स्वीकृति मिति : २०८१/१२/१७ | LT. No. 321408 | चलानी नं.६०२३५४६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIR STYLIST/HAIR DRESSER | 0 | 1 | 150 | ६६,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Nail Technicians | 0 | 1 | 150 | ६६,४९५ | | | | | | | |

कम्पनी : THE EXTENSION ROOM SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०७/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१७ | LT. No. 294444 | चलानी नं.६०२०९५६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 3 | 140 | ६२,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | MANICURE PEDICURE | 0 | 4 | 140 | ६२,०६५ | | | | | | | |
| 3 | NAIL TECHNICIAN | 0 | 6 | 140 | ६२,०६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २५ गते (7th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075


## म्यान्माको भूकम्पपीडितलाई एक करोड पाउण्ड दिने बेलायतको घोषणा

लण्डन- बेलायतले म्यान्माका लागि शनिबार एक करोड पाउन्ड (एक करोड २९ लाख अमेरिकी डलर) मानवीय सहायता उपलब्ध गराउने घोषणा गरेको छ । म्यान्मामा शुक्रबार गएको भूकम्पका कारण ठूलो धनजनको क्षति भएको र राहत तथा उद्धार कार्यमा सघाउनका लागि बेलायत सरकारले सहायताको घोषणा गरेको हो ।

भूकम्पका कारण म्यान्मामा एक हजार ६०० भन्दा बढीको मृत्यु हुनुका साथै व्यापक क्षति भएको छ । बेलायती विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'बेलायतको यो कोषले भूकम्पबाट अति प्रभावित क्षेत्रमा खाद्यान्न, पानी, औषधि र आवासका सामानको आपूर्तिका लागि सहायता गर्ने छ ।'

विकासमन्त्री जेनिफर च्यापम्यानले भने, 'बेलायतको आर्थिक सहयोगमा सञ्चालित स्थानीय साझेदारहरूले पहिले नै म्यान्मामा मानवीय सहयोग गरिरहेका छन् । 'यस दु:खद घटनापछि म म्यान्माका जनताप्रति गहिरो सहानुभूति व्यक्त गर्दछु' च्यापम्यानले भने । म्यान्माको मध्य भागमा गएको ७.७ म्याग्निच्युडको भूकम्पपछि सेनाप्रति वफादार (जुन्टा) सरकारले अन्तर्राष्ट्रिय सहयोगका लागि विरलै गर्ने आग्रह गरेको थियो । बेलायतले यसअघि जुन्टा सरकारसँग निकटता भएका व्यक्ति र संस्थामाथि प्रतिबन्ध लगाएको थियो । *रासस/एएफपी*

## म्यान्माका लागि रेडक्रसद्वारा १० करोड डलर माग

जेनेभा- अन्तर्राष्ट्रिय रेडक्रस तथा रेड क्रिसेन्ट सोसाइटीले म्यानमारमा गएको विनाशकारी भूकम्प पीडितको सहयोगका लागि १० करोड अमेरिकी डलरभन्दा बढीको आपत्कालीन सहायताका लागि आइतबार अपिल गरेको छ । विश्वको सबैभन्दा ठूलो मानवीय सञ्जाल आइएफआरसीले शुक्रबार मध्य सहर मान्डले नजिकै गएको ७.७ म्याग्निच्यूडको भूकम्पमा म्यान्मामा व्यापक क्षति पुगेको जनाइएको छ ।

आइएफआरसीले भनेको छ, 'सहयोगका लागि आइएफआरसीले १० करोड स्विस फ्रान्क (११ करोड ५० लाख) को आपत्कालीन रकमको माग गर्दछ । उक्त रकम करिब २० हजार घरपरिवारका एक लाख व्यक्तिलाई आगामी २४ महिनाका लागि जीवन-बचत राहत र प्रारम्भिक उद्धार सहायताको लागि खर्च गरिने छ ।' तापक्रम वृद्धि र केही हप्ताभित्र मनसुनको मौसम नजिकिँदै गरेकोले 'गौण संकट आउनुअघि' प्रभावित समुदायलाई तत्काल व्यवस्थापन गर्न आवश्यक रहेको प्रतिवेदनमा उल्लेख छ ।

'यो विपत्तिमात्र होइन,' आइएफआरसीका एसिया प्रशान्त क्षेत्रीय निर्देशक अलेक्जेन्डर माथेउले भने, 'यो एक जटिल मानवीय संकट हो ।' म्यानमाले अझै पनि आन्तरिक विस्थापन र खाद्य असुरक्षाको सामना गरिरहेको छ । यो भूकम्पले पहिलेदेखिको कमजोर आर्थिक अवस्थालाई झनै विकराल बनाएको छ । विश्व समुदायले साहसिक र दिगो प्रतिक्रियाका लागि सहायता गर्न अघि बढ्नुपर्छ । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्प्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्चाक्स मिडिया एण्ड कम्प्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १७६८०० | प्रति तोला – ० | प्रति तोला – २०२५ |



**मेलामा किनमेल** | **महिला उद्यमी महासंघ नेपालले ललितपुरको सानेपामा आयोजना गरेको आठौं अन्तर्राष्ट्रिय महिला उद्यमी व्यापार मेलामा बिक्रीका लागि राखेका स्टलका सामग्री खरिदका लागि हेर्दै मेलामा आएका सर्वसाधारण। चैत १४ गतेबाट सुरु भएको मेला आज (सोमबार)सम्म चल्ने छ।** *तस्बिरः हरिराम भेटुवाल/रासस*

# प्रविधि र दिगो पर्यटनमा सहयोग गर्न राष्ट्रसंघसँग आग्रह

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपालले संयुक्त राष्ट्रसंघसँग प्रविधि र दिगो पर्यटनमा सहयोगका लागि आग्रह गरेको छ । नेपालका पर्यटकीय गन्तव्यको प्रवर्द्धन कार्यक्रमअन्तर्गत युरोप यात्रामा रहेको नेपाल पर्यटन बोर्डको टोलीले स्पेनको मड्रिडमा संयुक्त राष्ट्रसंघीय पर्यटन अधिकारीहरूसँगको छलफलमा दिगो पर्यटनका लागि सहयोगको आग्रह गरिएको हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव विनोदप्रकाश सिंहको नेतृत्वमा उच्चस्तरीय नेपाली प्रतिनिधिमण्डलले संयुक्त राष्ट्रसंघ पर्यटन मुख्यालयमा भएको छलफलमा विगतमा गरेको सहयोगप्रति आभार व्यक्त गर्दै प्रविधि, डिजिटल इनोभेसन र दिगो पर्यटन विकासका क्षेत्रमा थप सहकार्यका लागि आग्रह गरेको हो । सचिव सिंहले भने, 'नेपाल पर्यटन रणनीतिक योजना २०१६-२०२५) र आइटिबी बर्लिन मन्त्रीस्तरीय बैठक, २०२५ मा नेपालको सहभागितालाई स्मरण गर्दै नेपालमा आर्टिफिसियल इन्टेलिजेन्स, डिजिटल इनोभेसन र दिगो पर्यटन विकासका क्षेत्रमा थप सहकार्यको आवश्यकता छ । यसका लागि हामी युएन टुरिजमलाई सहयोगका लागि आग्रह गर्दछौं ।'

द्विपक्षीय प्रतिनिधिमण्डलको बैठकमा राष्ट्रसंघ पर्यटनका एसिया-प्रशान्त क्षेत्रीय विभाग निर्देशक हचारी हुआङले नेपाली प्रतिनिधिमण्डलको पहिलोपटक संयुक्त राष्ट्रसंघ पर्यटनको मुख्यालय भ्रमणलाई ऐतिहासिक क्षणको रूपमा उल्लेख गर्दै नेपाललाई पर्यटन विकासका लागि निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले नेपाललाई राष्ट्रसंघीय पर्यटन कार्यक्रममा सक्रियरूपमा सहभागी हुन, प्राथमिकताहरू उल्लेख गर्दै औपचारिक प्रस्ताव पेस गरेमा थप सहयोग गर्न तयार रहेको उल्लेख गरे ।

पर्यटन विभागका महानिर्देशक डा. नारायणप्रसाद रेग्मीले नेपाल-संयुक्त राष्ट्रसंघीय पर्यटनसँगको सम्बन्धलाई थप सशक्त बनाउन नेपाल अब राष्ट्रसंघ पर्यटनसँग अझ घनिष्ठ सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले नेपालको पर्यटन नीति सुधार, समावेशी पर्यटन प्रवर्द्धन र पर्यटन लाभको समान वितरणका लागि राष्ट्रसंघ पर्यटनको सहयोग आवश्यक रहेको बताए ।

नेपाल पर्यटन बोर्डका प्रतिनिधिहरूले नेपालको साहसिक पर्यटन, इको-टुरिजम र ग्रामीण पर्यटनका सम्भावनाबारे चर्चा गर्दै नेपाललाई विश्व पर्यटन क्षेत्रमा अझ उचाइमा पुऱ्याउन संयुक्त परियोजनाहरू आवश्यक रहेकामा जोड दिए । उक्त बैठकले नेपाल-राष्ट्रसंघीय पर्यटन सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने विश्वास गरिएको छ । यसअघि नेपाल पर्यटन बोर्डले स्पेनस्थित नेपाली दूतावाससँग सहकार्य गर्दै गन्तव्य प्रवर्द्धन कार्यक्रम आयोजना गरेको थियो । नेपाल र स्पेनबीच पर्यटन सम्बन्धलाई सुदृढ गर्ने उद्देश्यले आयोजित कार्यक्रममा टुर तथा ट्राभल व्यवसायी तथा सञ्चारकर्मीको सहभागिता थियो ।

कार्यक्रममा स्पेनका लागि नेपालका राजदूत शनिल नेपालले नेपाल- स्पेनबीचको लामो समयदेखि रहिआएको सम्बन्ध र हरेक वर्ष नेपाल भ्रमण गर्ने स्पेनी पर्यटकहरूको बढ्दो संख्याबारे चर्चा गरेका थिए । नेपाल पर्यटन बोर्डका वरिष्ठ प्रबन्धक खड्गविक्रम शाहले नेपालको प्रकृति, साहसिक पर्यटन, सांस्कृतिक सम्पदा र आतिथ्य सेवासम्बन्धी प्रस्तुतिकरण दिनुका साथै स्पेनी पर्यटकहरूका लागि नेपाल प्रमुख गन्तव्य हुनसक्ने विषयमा चर्चा गरेका थिए ।

# आगजनी तथा लुटपाटप्रति चेम्बरको भर्त्सना

Nepal Chamber of Commerce

**काठमाडौं (प्रस)–** नेपाल चेम्बर अफ कमर्सले शुक्रबार तीनकुने क्षेत्रमा भएको प्रदर्शनका क्रममा निजी तथा सार्वजनिक सम्पत्ति एवं सञ्चारगृहमा भएको तोडफोड, आगजनी तथा लुटपाटप्रति आपत्ति जनाएको छ। यस्ता उच्छृंखल गतिविधिले अर्थतन्त्रलाई थप धराशायी बनाउने भएकाले संयमित हुन पनि चेम्बरले आग्रह गरेको छ।

प्रदर्शनका क्रममा आमनागरिक र उद्यमी व्यवसायीको पेसा व्यवसाय गर्न पाउने नैसर्गिक अधिकार हनन भएको चेम्बरले उल्लेख गरेको छ। उक्त घटनाका पीडितलाई क्षतिपूर्तिको माग पनि निजी क्षेत्रले गरेको छ। 'सार्वजनिक र निजी गरी थुप्रै भौतिक सम्पत्ति तथा सञ्चारगृहमासमेत क्षति पुगेको छ। यस्ता खाले हिंसात्मक घटनाको घोर निन्दा र भर्त्सना गर्दै चेम्बर अफ कमर्स शुक्रबारको घटनाबाट पीडितहरूले उचित क्षतिपूर्ति पाउनुपर्ने माग राख्दछ,' विज्ञप्तिमा भनिएको छ।

यसअघि निजी क्षेत्रका छाता संस्थाहरू नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग परिसंघले पनि उक्त घटनाका दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्तिको माग गरिसकेका छन्।

# दोहोरो अंकले बढ्यो नेप्से

**काठमाडौं (प्रस)–** साताको पहिलो कारोबार दिन आइतबार सेयरबजार दोहोरो अंकले उकालो लागेको छ। यसदिन नेपाल स्टक एक्सचेञ्ज १.११ प्रतिशतको वृद्धि देखिएको छ। आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २९.८२ अंकले बढेर दुई हजार ६९३.१२ को बिन्दुमा कायम भएको हो ।

यस दिन ३२३ कम्पनीको एक करोड ५५ लाख ७२ हजार ८६२ कित्ता सेयर ७६ हजार ३५४ पटक खरिदबिक्री हुँदा सात अर्ब ५६ करोड ८२ लाख २६ हजार रूपैयाँबराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

आइतबार म्युचुअल फण्ड उपसमूहको उपसूचक ०.१५ र व्यापार समूह ०.२६ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ। यस दिनको कारोबारमा वित्त समूह २.०१, लगानी २.१८ र अन्य समूह २.०८ प्रतिशतले बढेको छ।

बैंकिङ र वित्त समान ०.८२, होटल तथा पर्यटन १.४१, जलविद्युत् १.५४, जीवन बिमा ०.८५, उत्पादन तथा प्रशोधन ०.५८, लघुवित्त ०.६२ र निर्जीवन बिमा ०.७८ प्रतिशतले बढेको छ । जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको सेयर मूल्य सबैभन्दा बढी ९.९७ प्रतिशतले बढेको छ। सबैभन्दा बढी घट्नेमा प्रभु स्मार्ट फण्डको सेयर मूल्य ५.७९ प्रतिशत रहेको छ । कारोबार रकमका आधारमा आइतबार सबैभन्दा बढी हिमालयन रिइन्स्योरेन्स लिमिटेडको ६९ करोड १९ लाख ७७ हजार ४११ बराबरको कारोबार भएको छ। कारोबार भएका सेयर संख्याका आधारमा सबैभन्दा बढी नेपाल इन्भेस्टमेन्ट मेगा बैंक प्रमोटर सेयर आठ लाख ५० हजार ८०९ कित्ता किनबेच भएको छ ।

# ज्योति बैंकद्वारा सुदूरपश्चिमका अस्पताललाई बेबी वार्मर





**काठमाडौं (प्रस)–** ज्योति विकास बैंकले सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाका अस्पताल तथा बर्थिङ सेन्टरहरूलाई बेबी वार्मर (न्यानो नानी) मेसिन प्रदान गरेको छ।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्व प्रयोजनार्थ स्थापना गरेको 'हाम्रो विकास प्रवर्द्धन कोष'मार्फत नवजात शिशुको शारीरिक तापक्रमलाई उचित राख्न र हाइपोथर्मिया (अल्पताप) को जोखिमबाट जोगाउन बेबी वार्मर प्रदान गरेको हो । बैंकले सुदूरपश्चिम प्रदेशका पहाडी भेगका अति दुर्गम चार स्थानमा सो मेसिन जडान गरेको जानकारी दिएको छ । दुर्गम क्षेत्रमा सुरक्षित प्रसूति सेवाको आवश्यकतालाई मध्यनजर गर्दै बैंकले आफ्ना शाखा नभएका यी स्थानहरूमा पनि बेबी वार्मर प्रदान गरेको जनाएको छ ।

# कञ्चनजंघा आरोहणको वार्षिकोत्सव मनाइँदै

■ दिपा सुनुवार




**काठमाडौं–** कञ्चनजंघा हिमाल आरोहण सुरू गरेको ७० वर्ष पुग्दै छ। यसै अवसरमा कञ्चनजंघाको ७०औं आरोहण दिवस मनाउने तयारी भएको छ। उक्त अवसरमा कञ्चनजंघा संरक्षण क्षेत्र, नेपाल पर्वतारोहण संघ र समृद्ध पहाडको संयुक्त आयोजनामा विशेष कार्यक्रम हुने भएको हो ।

विश्वको तेस्रो तथा नेपालको दोस्रो अग्लो शिखर कञ्चनजंघाको उचाइ ८,५८६ मिटर रहेको छ । सन् १९५५ मे २५ मा बेलायती नागरिक जर्ज ब्याण्ड र जो ब्राउनले पहिलोपटक यस हिमालको सफल आरोहण गरेका थिए । पहिलो नेपाली पुरूष आङफुर्वा शेर्पा र महिलामा निमाजाङमु शेर्पाले आरोहण गरेका थिए ।

नेपाल पर्वतारोहण संघमा आयोजित पत्रकार सम्मेलनमा आयोजक संस्थाहरूले कञ्चनजंघा हिमालको आरोहण, पर्यटन विकास, पर्यावरणीय संरक्षण तथा स्थानीय समुदायको संस्कृति प्रवर्द्धनमा जोड दिने उद्देश्यले कार्यक्रम गर्न लागिएको जानकारी दिएका छन् । संघका वरिष्ठ उपाध्यक्ष ठाकुरराज पाण्डेले भने, 'सगरमाथा, ल्होत्सेलगायतका हिमालहरू कोशी प्रदेशमा पर्ने भएकाले प्रदेश सरकारले बजेट विनियोजन गरेर हिमाल प्रवर्द्धन गर्नुपर्छ। कञ्चनजंघा संरक्षण क्षेत्र र समृद्ध पहाडको अवधारणालाई अघि बढाउन आवश्यक छ।'

आगामी अप्रिल १८ र २० मा ताप्लेजुङको लेलेप तथा अप्रिल २४ मा काठमाडौंको अलफ्ट होटलमा कार्यक्रम गरिने समृद्ध पहाडका प्रमुख कार्यकारी अधिकृत सञ्जीव न्यौपानेले जानकारी दिए। कार्यक्रममार्फत पर्वतारोहण इतिहासमा योगदान पुऱ्याउने पर्वतारोही, शेर्पा गाइड, अनुसन्धानकर्ता तथा पर्वतारोहणसम्बन्धी व्यक्तित्वहरूको सम्मान गरिने उनले बताए । उनका अनुसार कञ्चनजंघा क्षेत्रलाई सुरक्षित, दिगो र अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन गर्ने योजना प्रस्तुत गरिने छ ।

हिमालयन इको सिस्टम संरक्षण तथा जलवायु परिवर्तनको प्रभावबारे पनि छलफल हुने न्यौपानेले जानकारी दिए। उनका अनुसार विशेषगरी त्यहाँका स्थानीयलाइ पनि आन्तरिक पर्यटन र यसको महत्त्वबारे विशेष अभिमुखीकरण दिइने छ । शेर्पा, लिम्बू, राईलगायत स्थानीय समुदायको सांस्कृतिक सम्पदा संरक्षण तथा प्रवर्द्धनमा कार्यक्रमको केन्द्रीय भूमिका रहने आयोजकको दाबी छ । नेपाल सरकार, पर्वतारोहण संघहरू तथा स्थानीय सरोकारवालाबीच पर्वतारोहण व्यवस्थापन, सुरक्षा, पर्यावरणमैत्री अभ्यास तथा प्रविधिको प्रयोगसम्बन्धी छलफल गरिने जानकारी दिइएको छ ।

**कृष्णपूर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गुलरिया, कञ्चनपूर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृतिका लागि छनौट गर्ने आशयको सूचना**

**प्रकाशित मितिः- २०८१/१२/१८**

यस नगरपालिकाबाट तपशीलको कार्य गर्ने सूचना प्रकाशित भए वमोजिम दर्ता हुन आएका बोलपत्रहरूको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्र देहाय वमोजिम ठहरी स्वीकृतीका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ प्रयोजनकालागी यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक भ्याट सहीत रू. |
|---|---|---|---|
| 28-SUP-2081/082 | ह्युमपाईप तथा बिद्युत्पोल खरिद गरि ढुवानी गर्ने कार्य | श्री बालाजी ह्युमपाईप तथा बिद्युत पोल उद्योग प्रा.ली., नेपालगञ्ज-३२ बाँके | १९,४४,९०५।१५ |

अन्य सवै बोलपत्रदाताहरूलाई समेत यसै सूचनाबाट जानकारी गराइएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ